# विज्ञप्ति

मिति:२०७३/१२/३०

भूकम्प कम प्रभावित १७ जिल्लामा निजी आवास अनुदान सम्झौता यथाशक्य छिटो सम्पन्न गर्ने उदेश्यले मिति २०७३/१२/२१ गते कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलको उपस्थितिमा निजी आवास अनुदान सम्झौता एवं अनुदानको पहिलो किस्ता वितरण गरी शुभारम्भ भएको कार्यक्रम आजको दिनसम्म आइपुग्दा १५ जिल्लामा सम्पन्न भैसकेको छ । मिति २०७३/१२/२७ गते लमजुंग, पर्वत, धनकुटा र सोलुखुम्बु जिल्लामा, मिति २०७३/१२/२८ गते म्याग्दी र तनहुँ जिल्लामा र मिति २०७३/१२/२९ गते चितवन, बाग्लुंग, खोटाङ, भोजपुर र पाल्पा जिल्लामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । यसैबीच आज नवलपरासी, स्यांग्जा र गुल्मी जिल्लामा एक कार्यक्रम गरी ती जिल्लामा औपचारिक रुपमा निजी आवास अनुदान सम्झौताको कार्यक्रम शुभारम्भ भएको छ । योसंगै १७ जिल्लामा निजी आवास अनुदान सम्झौता शुभारम्भ गर्ने कार्यको हामी करिब - करिब अन्त्यतिर आइपुगेका छौं । आज निजी आवास अनुदान सम्झौता सम्पन भएका जिल्लाको विवरण निम्नबमोजिम छ ।

| सि. नं. | जिल्ला | गाउँपालिका/नगरपालिका | औपचारिक कार्यक्रम सम्पन हुँदासम्म अनुदान सम्झौता गरिएका लाभग्राही संख्या |
|---|---|---|---|
| १ | नवलपरासी | सुनवल न.पा. | २ |
| २ | स्यांग्जा | फेदीखोला गा.पा. | ५४ |
| ३ | गुल्मी | तम्घास न.पा. | ५ |

उक्त कार्यक्रममा जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, बैंक प्रतिनिधि,सम्बन्धित नगरपालिका/गाउँपालिका कार्यकारी अधिकृत, जि.स.स.का Focal Person, लाभग्राही, सर्वसाधारण, संचारकर्मीलगायतको उपस्थिति रहेको थियो । योसंगै भूकम्प कम प्रभावित तीन जिल्ला (नवलपरासी, स्यांग्जा र गुल्मी) मा निजी आवास पुनर्निर्माणले गति लिने अपेक्षा यस केन्द्रीय आयोजना कार्यान्वयन इकाई, भूकम्पीय आवास पुनर्निर्माण आयोजनाले लिएको छ ।

अन्त्यमा, आजको निजी आवास अनुदान सम्झौता कार्यक्रम शुभारम्भ गर्ने कार्यमा सहयोग पुर्याउनुहुने सम्बन्धित सम्पूर्णमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

धन्यबाद !!

(वीरेन्द्र कँडेल)
इन्जिनियर